जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९    अंक १९१    २०७६ साल फागुन १६ गते शुक्रबार (28 Feb. 2020 Friday)    मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : यस्तो बन्यो राष्ट्रिय ... ३ पृष्ठमा : प्रहरीमा धेरै दरबन्दी खाली ... ३ पृष्ठमा : नयाँदिल्ली हिंसामा ...

# जन्मसिद्धका आधारमा पाउन नसकेका नेपाली नागरिकले नागरिकता पाउनु पर्छ : उपेन्द्र यादव

**दैनिक समाचारदाता**
**राजबिराज, १५ फागुन ।**

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले जन्मसिद्धका आधारमा पाउन नसकेका हरेक नेपाली नागरिकले नागरिकता पाउनु पर्ने बताएका छन् ।



नेपाल राष्ट्रिय मुसहर संघको चौथो जिल्ला अधिवेशनलाई बिहीबार राजविराजमा सम्बोधन गर्ने क्रममा उनले सो कुरा बताएका हुन् ।

दलित, मुसहर, आदीवासी जनजाती, मुस्लिम तथा पिछडिएको वर्गलाई अधिकार नदिएका कारण अहिले उनीहरु अधिकारबाट बञ्चित रहेको भन्दै अध्यक्ष यादवले सम्पूर्ण मुसहर समुदायलाई आफ्ना हक अधिकार सुनिश्चित गर्न एकजुट भई अगाडी बढ्न सुझाव दिए ।

आयोजित सभालाई सम्बोधन गर्दै पूर्वउपप्रधानमन्त्री समेत रहेका यादवले गरिब जनताका लागि सरकारले ल्याएको जनता आवास कार्यक्रम मार्फत सबै गरिब जनताले आवास पाउन नसक्ने भन्दै यसका लागि सरकारले छुट्टै योजना ल्याउनु पर्नेमा जोड दिए ।

उनले मुसहर समुदायका बालबालिकाहरु सबै भन्दा बढी कुपोषित हुने गरेकाले सरकारले निशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउनु पर्ने आवश्यकता रहेको बताए । सोही सभामा अध्यक्ष यादवले मुसहर समुदायका बालबालिकाहरुलाई काममा नलगाई शिक्षा हासिल गर्नेतर्फ अग्रसर गराउनु पर्नेमा जोड समेत दिए ।

सोही कार्यक्रममा प्रदेश २ का आर्थिक मामिला तथा योजना

*बाँकी तीन पृष्ठमा*

# बिग्रिएरको ट्रकमा मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, १५ फागुन ।**

सिरहाको कर्जन्हा नगरपालिका ४ बस्तीपुरस्थित सडक किनारमा बिग्रिएर राखिएको ट्रकमा बिहीबार मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने एक गम्भीर घाइते भएका छन् ।

बिग्रिएर सडक किनारमा रोकिराखेको ना३ख ९०२४ नंको ट्रकमा स८प ७७१२ नंको मोटरसाइकल ठोक्किँदा मोटरसाइकलमा पछाडि सवार सिरहाको कल्याणपुर नगरपालिका ८ निवासी ४० वर्षीय विपया दासको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी गम्भीर घाइते दासलाई तत्कालै उपचारका लागि कर्जन्हास्थित फूलकुमारी महतो ममोरियल अस्पतालमा भर्ना गरिएकामा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।

सोही दुर्घटनामा परी मोटरसाइकल चालक सिरहाकै कल्याणपुर नगरपालिका ८ निवासी २७ वर्षीय सोनिया दास घाइते भएको र उहाँको को फूलकुमारी महतो ममोरियल अस्पतालमा उपचार भइरहेको जनाएको छ ।

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रुअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि
**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**
फोन नं. : 031-522408/09

# बर्षाका कारण सप्तरीमा पाँच करोडको ईट्टामा क्षति



**दैनिक समाचारदाता**
**राजबिराज, १५ फागुन ।**


सप्तरी ईट्टा उद्योग व्यवसायी संघले वर्षाका कारण पाँच करोड भन्दा बढी मुल्य बरारबरको ईट्टामा क्षति भएको जनाएको छ ।

संघले बिहीवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि सो कुराको जानकारी दिएको हो । आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष दुर्गानन्द साहले चालदु आ.ब.मा भएको पाँच पटकको वर्षाका कारण ५ करोड भन्दा बढी मुल्य बराबरको इट्टामा क्षति भएको जानकारी दिएका हुन् ।

वर्षाले उद्योगमा पकाउन तयारी अवस्थामा राखिएको काचो ईट्टामा क्षति पुगेपछि सो नोक्सानीलाई कम गर्न राज्यबाट ईट्टामा लाग्ने कर छुटको माँग गरे ।

उनले केही भारतीय व्यक्तिहरूले नेपालमा आएर स्थानीय ईट्टा उद्योगीसँग मिलेर तस्करी गरिरहेको बताउँदै ईट्टा उद्योगहरूले ईट्टा भट्टामा सि कार्वनको प्रयोग गरिरहेको आरोप

*बाँकी तीन पृष्ठमा*




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit Quick & Easy | City Express Money Transfer | IME pay wallet | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# विकासको अवसर नगुमाऔं

विद्युतिय रेलमार्गका कारण मधेशको विकासमा एक पाइला थप्ने अपेक्षा गर्न सकिन्छ । वर्दिवास-इनरुवा खण्डमा विद्युतीय रेलमार्गका लागि सम्पूर्ण अध्ययन पुरा भइसकेको छ । रेलमार्ग वर्दिवासबाट शुरु भई धनुषा, सिराहा र सप्तरीका विभिन्न स्थानिय तह हुँदै सुनसरीको इनरुवासम्मको अध्ययन र स्टेशनस्थानको समेत टुङ्गो लागिसकेको छ । रेलमार्ग निर्माण भए तराई-मधेशसँग सप्तरीको विकास द्रुत गतिमा हुने अपेक्षा गर्न सकिन्छ ।

९६ अर्ब ८४ करोडको रेलमार्गको परियोजना अन्तरगत विद्युतिय रेलमार्गको कूल लम्बाई एक सय ३९.४२ किलोमिटर रहेको छ । यसका लागि विस्तृत सर्भे, डिजाइन कार्य र वातावरणीय प्रभाव मूल्यांकनको कार्य सम्पन्न भइसकेको छ । सप्तरी जिल्ला विकासिय रुपमा पछाडी परेपनि हाल केही विकासीय योजनाका कारण भविष्यमा विकासको क्रममा गति लिने विश्वास गर्न सकिन्छ । गजेन्द्र नारायण सिंह अस्पतालको स्तरोन्नति, रामराजा प्रसाद सिंह विज्ञान प्रतिष्ठान, नर्सिङ्ग कलेजको स्थापना, राजविराज विमानस्थलबाट नियमति उडान सेवा लगायतका पूर्वाधार बन्दै जानु विकासको पथमा सप्तरीले कोल्टो फर्ने संकेत हो ।

तसर्थ सम्पूर्ण जिल्लावासीले विकासी योजनालाई हातेमालो गर्दै सकारात्मक सोचको निर्माणका साथै सहयोगि भावनाका अगाडी बढ्नु पर्ने आवश्यकता रहेको छ । अनिमात्र सप्तरीको विकास सम्भव र यहाँका जनताको भावी सन्ततीले विकासको अनुभुती पाउने छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# यस्तो बन्यो राष्ट्रिय हवाई नीति

काठमाडौँ, १५ फागुन (रासस) । हवाई प्रविधिको विश्वव्यापी आयाम र बदलिँदो परिवेशअनुरूप नेपालको आवश्यकतालाई मध्यनजर गर्दै सरकारले करिब डेढ दशकपछि नयाँ राष्ट्रिय हवाई नीति बनाएको छ ।

हवाई सेवामा आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्दै हवाई क्षेत्रको 'सेफ्टी र सेक्युरिटी' तथा हवाई उद्योगको दिगोपनलाई ध्यानमा राखी नयाँ नीति तयार गरिएको हो । नयाँ हवाई नीति बनाउन गठित कार्यदलले हालै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईलाई 'राष्ट्रिय हवाई नीति २०७६' को मस्यौदा बुझाएको थियो ।

सरकारले बदलिँदो परिवेशअनुसार नयाँ हवाई नीतिको मस्यौदा बनाउन पूर्वपर्यटनसचिव यज्ञप्रसाद गौतमको संयोजकत्वमा सात सदस्यीय मस्यौदा कार्यदल गठन गरेको थियो । राष्ट्रिय हवाई नीति, २०५० लाई १३ वर्षपछि परिमार्जन गरी हवाई नीति, २०६३ लागू भएको थियो । अहिले झण्डै डेढ दशकपछि नयाँ नीतिको मस्यौदा तयार पारिएको हो ।

विश्वको हवाई क्षेत्रको अवस्था र नेपालको आवश्यकतालाई मध्यनजर गरी नयाँ नीति बनाइएको संयोजक यज्ञप्रसाद गौतमले बताउनुभयो । अन्तर्राष्ट्रिय हवाई मापदण्डलाई समेत ध्यान दिएर तयार गरिएको नयाँ नीतिले नागरिक उड्डयन क्षेत्रलाई प्रोत्साहित गरी निजीक्षेत्रको समेत सहभागितामा मुलुकको सामाजिक, आर्थिक विकासमा योगदान गर्न सक्ने तुल्याउने लक्ष्य लिएको छाइस् । प्रस्तावित नीति मन्त्रिपरिषद्बाट लागू भए कार्यान्वयन गर्न सजिलो हुने संयोजक गौतमको भनाइ छ । यो नीति सरकारले निर्णय गरेर सिधै लागू हुन्छ ।

नागरिक उड्डयन क्षेत्रलाई सुरक्षित, भरपर्दो, प्रतिस्पर्धी, नियमित, सुलभ र विश्वसनीय बनाउने नीतिमा उल्लेख छ । अत्याधुनिक प्रविधिको प्रयोग गरी हवाई उड्डयन सेवालाई व्यवस्थित गरी नेपाललाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन क्षेत्रको 'हब' बनाइने नीतिमा उल्लेख छ ।

त्यस्तै राष्ट्रिय हितलाई दृष्टिगत गरी विद्यमान उदार आकाश नीतिलाई प्रवर्द्धन गर्ने, अन्तर्राष्ट्रिय उडान गर्ने विदेशी वायुयानबाट नेपालको वायुक्षेत्र ( एयर स्पेश) को अधिकतम प्रयोग हुने व्यवस्था मिलाइने भनिएको छ ।

### व्यक्तिले निजी जहाज राख्न पाउने

नयाँ हवाई नीति कार्यान्वयन भएमा अब व्यक्तिगत प्रयोगका लागि निजी जहाज राख्न पाउने व्यवस्था नीतिमा समेटिएको छ । नयाँ नीतिअनुसार व्यक्तिले निजी जहाज राख्न पाउँछन् । त्यसका लागि हवाई उडान सुरक्षा र हवाई सुरक्षा प्रावधान शर्तहरु भने पालना गर्नुपर्नेहुन्छ । यसअघिको विसं २०६३ को हवाई नीतिमा यस्तो सुविधा थिएन ।

नयाँ हवाई नीतिको मस्यौदामा हवाई उडान क्षेत्रका लागि आवश्यक दक्ष जनशक्ति नेपालमै उत्पादन गरिने उल्लेख छ । उक्त प्रयोजनका निम्ति निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।

### तीनवटा जहाज अनिवार्य

नयाँ हवाई नीतिमा गरिएको व्यवस्थाअनुरूप तीन वटा जहाज भएपछि मात्रै वायुसेवा प्रदायक कम्पनीले उडान सेवा सञ्चालन गर्न पाउनेछन् । मस्यौदामा भनिएको छ, "नियमित वा चार्टर्ड उडान सञ्चालन गर्ने उद्देश्यले स्थापित अन्तर्राष्ट्रिय तथा आन्तरिक वायुसेवा सञ्चालक कम्पनीसँग इजाजत प्राप्त गरेदेखि नै कम्तीमा तीन जहाज सञ्चालनमा रहनसक्ने व्यवस्था भएको हुनुपर्नेछ ।"

नयाँ नीतिअनुसार दुई वर्षभन्दा बढी अवधिसम्म सञ्चालनमा नआई अनावश्यक ढङ्गले रहिरहेका कुनै यन्त्र र उपकरण सम्बन्धित पक्षले नहटाएमा प्राधिकरणले लिलामी गर्न सक्नेछ । वायुयान दुर्घटना जाँचलाई वस्तुनिष्ठ एवं प्रभावकारी बनाउन एक स्वतन्त्र साधन स्रोतसम्पन्न स्थायी दुर्घटना जाँच आयोग गठन गरिने व्यवस्था छ ।

नयाँ नीतिमा 'अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन ( आइकाओ)द्वारा निर्धारित मापदण्डको पालना गर्दै सुरक्षाको मापदण्डलाई विश्वको औसत स्तरभन्दा माथि रहने व्यवस्था मिलाइने' उल्लेख गरिएको छ । एयर ट्राफिक कन्ट्रोल, फ्लाइट इन्फरमेसन सर्भिस तथा एड्भाइजरी सर्भिसलाई प्रविधिको संयोजनबाट अझ बढी छरितो र गुणस्तरीय बनाउँदै लगिने नीतिमा भनिएको छ ।

त्यस्तै नीतिमा नयाँ विमान कम्पनी दर्ता गर्दा आवश्यकता र बजारको माग, लगानी र आम्दानीको गहन विश्लेषणका आधारमा मात्रै गरिने उल्लेख छ । विमान कम्पनी 'मर्ज तथा एक्विजिशन' मा जान सक्ने बाटो खुला गरिएको संयोजक गौतमले बताउनुभयो ।

कम्पनीले जहाज खरिद गर्दा पाँच वर्ष भन्दामुनिका भएका विशेष सहुलियत दिने व्यवस्था गरिएको छ । पहिला १५ वर्ष पुरानो ४५ हजार 'प्रेसराइज साइकल' जहाज खरिद गरिने प्रावधान रहे पनि नयाँ नीतिमा ३५ हजार प्रेसराइज भएको जहाज ल्याउन निषेध गरिएको छ ।

हवाई प्राविधिक भाषामा एउटा जहाज उडेपछि अवतरण भएको अवधि एक साइकल पूरा हुन्छ । अहिले २० वर्ष पुराना जहाज खरिद गरिने गरेको बताइन्छ । निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, दिगोपना, सुरक्षित र गुणस्तररीय सेवा सहज ढङ्गले प्रदान गर्ने लक्ष्यलाई नीतिले जोड दिएको छ ।

रु दुई अर्ब लगानी गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानूनबमोजिम आयकरमा छुट दिनसक्ने व्यवस्था पनि मिलाइने नीतिमा उल्लेख छ । अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि वायुसेवा प्रदायक कम्पनीसँग धरौटीबाहेक रु ५० करोड चुक्तापूँजी हुनुपर्छ । धरौटी सरकारले तोक्नेछ । अहिले अन्तर्राष्ट्रियको हकमा रु ५० करोड र आन्तरिकको हकमा रु २० लाख धरौटी राख्नुपर्छ । अब सञ्चालन र चुक्ता पूँजीसहित रु दुई अर्ब हुनपर्ने व्यवस्था गरिएको छ ।

हवाई क्षेत्रलाई दिगो बनाउने उद्देश्यले यस्तो व्यवस्था गरिएको संयोजक गौतमको भनाइ छ । पछिल्लो समय मानवीय त्रुटिले धेरै सङ्ख्यामा जहाज दुर्घटना दर बढेको उल्लेख गर्दै गौतमले प्राविधिक पक्षसँगै मानवीय पक्षलाई पनि नीतिले जोड दिएको बताउनुभयो ।

# राष्ट्रियसभामा दोहोरीः ललिता निवास र अडियो प्रकरणको छानबिन माग

काठमाडौँ, १५ फागुन (रासस) । राष्ट्रियसभाको विशेष समयमा सत्ता र प्रमुख प्रतिपक्षी दलका सांसदबीच सरकारको कामका विषयलाई लिएर दोहोरी चलेको छ । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का खिमलाल भट्टराईले पार्टीभित्रको समस्या समाधान हुनुपर्नेमा ध्यानाकर्षण गराउँदै ललिता निवास प्रकरणमा गहिराइमा पुगेर छानबिन गरिनुपर्ने माग गर्नुभयो ।

प्रदेशमा समेत प्रतिवर्ष ६ प्रतिशतभन्दा माथि आर्थिक वृद्धिदर भइरहेकाले देश विकास र समृद्धिमा अघि बढिरहेको उहाँको भनाइ थियो । पूर्वाधार विकासमा समेत फड्को मारेको र सरकार समृद्धिको दिशामा अघि बढेको उहाँले जिकिर गर्नुभयो ।

पोखरा र निजगढ विमानस्थलको काम अघि बढेको तथा कृषि, शिक्षा र स्वास्थ्यको कामसमेत असाध्य गतिका साथ लम्केको उहाँको भनाइ थियो । सत्तापक्षका सांसद लगत्तै बोल्नुभएका प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका बद्रीप्रसाद पाण्डेले भट्टराईप्रति लक्ष्य गर्दै अर्थमन्त्री पद रिक्त हुन लागेकाले बजेट भाषणको तयारी गरेको हो कि भनी व्यङ्ग्य गर्नुभयो ।

राष्ट्रियसभालाई भारदारीसभामा परिणत नगर्न पनि उहाँले सुझाव दिनुभयो । तथ्याङ्कलाई मिथ्याङ्कले छोप्न खोजिएको को सांसद पाण्डेको आरोप थियो । " पार्टीभित्र अडियो काण्डको छानबिन गर्न प्रधानमन्त्रीले रोक्नुभएको छ, त्यसका पछि प्रधानमन्त्री नै रहेको चर्चा बाहिर भइरहेको छ", सांसद पाण्डेले भन्नुभयो । सांसद मुक्ताकुमारी यादवले अडियो काण्डका पूर्वसञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई बचाउन सरकार लागिपरेको आरोप लगाउँदै सो प्रकरणको निष्पक्ष छानबिन गर्न माग गर्नुभयो ।

सांसद विना पोखरेलले सुत्केरीलाई भारतमा २६ महीनाको बिदा दिइने व्यवस्था भएको र अन्य देशमा त्यसभन्दा बढी बिदा दिने गरिएकाले नेपालमा पनि छ महीनादेखि बढाउनुपर्ने व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद रमेशप्रसाद यादवले पर्यावरण बिग्रँदै गएकाले संरक्षणका लागि काम हुन नसकेको तर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद यूटोल तामाङले ल्होसारमा सार्वजनिक बिदा काटिएको गुनासो गर्दै जनजाति बसोबास गरेको स्थानमा स्वायत्त क्षेत्र घोषणा गरिनुपर्ने माग गर्नुभयो । धेरै पर्यटकीयस्थल कर्णाली प्रदेशमा रहेकाले त्यसको प्रचारप्रसार गरिनुपर्नेमा पनि उहाँको जोड थियो ।

सांसद कमलाकुमारी ओलीले संसदीय समितिको अनुगमनका क्रममा स्थानीय तहमा उपप्रमुखका गुनासो धेरै पाइएकाले न्यायिक समितिको समेत नेतृत्व गर्ने उपप्रमुखलाई कानूनी सल्लाहकारको व्यवस्था गरिदिनुपर्ने माग गर्नुभयो ।

सांसद रमेशजङ्ग रायमाझीले रु ७० करोडको सेक्युरिटी प्रेस काण्डमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छानबिन गर्ने बाटो खोलिदिनुपर्ने बताउनुभयो । सांसद खेमराज नेपालीले बताउनुभयो । नेपाली सेना र नेपाल प्रहरीले बजाएको पुरानो धुन परिवर्तन गर्न माग गर्नुभयो ।

### कोभिड-१९ विरुद्ध लड्न माग

सांसदले नेपाल कोराना भाइरसको उच्च जोखिममा रहेकाले तयारी गर्न र त्यससम्बन्धी जानकारी संसदमा गराउन माग गर्नुभएको छ । सभाको बिहीबारको बैठकको शून्य समयमा विमला पौडेलले ३४ देशमा कोभिड-१९ फैलिइसकेको र चीनको छिमेकमा रहेको नेपाल सङ्क्रमणको उच्च जोखिममा रहेको उल्लेख गर्दै त्यसबारे तयारी के भइरहेको छ भन्नेबारे संसद्लाई जानकारी गराउन माग गर्नुभयो ।

सांसद शेरबहादुर कुँवरले कोभिड-१९ फैलिन नदिन प्राथमिकताका साथ तयारी गर्न सुझाव दिनुभयो । धेरै नेपाली रोजगारीका लागि गएको दक्षिण कोरियामा समेत भाइरहस फैलिएकाले विशेष तयारी गरिनुपर्ने सांसदको भनाइ थियो ।

सांसद रामनारायण बिडारीले उद्योग बेचेर खाने चलन बस्दा रोजगारीलगायतमा समस्या परिरहेका बेला हेटौँडाको माछापोखरी नाशिन लागेको भनी बचाउन माग गर्नुभयो ।

सांसद विन्दादेवी आले रानाले उपभोग्य वस्तुको मूल्य ४८ प्रतिशतसम्म वृद्धि हुँदा काम गरेर छाक टार्नेका जीवन धान्न मुश्किल भएको बताउनुभयो । एउटै सामानका मूल्य पसलपिच्छे फरक हुँदा पनि सरोकार निकाय मौन बस्नाको रहस्य के हो भनी प्रश्न गर्नुभयो । सांसद हरिराम चौधरीले माध्यमिक शिक्षा निःशुल्क घोषणा गरिए पनि सामुदायिक विद्यालयमा शिक्षकको व्यवस्था हुन नसकेकाले कहिले पूरा हुन्छ भनी जिज्ञासा राख्नुभयो ।

# प्रहरीमा धेरै दरबन्दी खाली : एआइजीमा कडा प्रतिष्पर्धा

काठमाडौँ, १५ फागुन (रासस) ।
नेपाल प्रहरीको उच्चदेखि तल्लो तहसम्म ठूलो सङ्ख्यामा दरबन्दी खाली हुन पुगेको छ । प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) र प्रहरी नायब महानिरीक्षक (डिआइजी) पदमा मात्रै २२ खाली भएको छ । प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक शैलेश थापा क्षेत्रीले उच्च पदसहित प्रहरीमा १४ प्रतिशत दरबन्दी खाली रहेको जानकारी दिनुभयो । तल्लोदेखि उच्च पदसम्म दरबन्दी खाली हुँदा कतिपय निर्णय प्रक्रिया र अमनचयन गर्ने कार्यमा असर पुगेको बताइएको छ । मौजुदा प्रहरी कर्मचारी र अधिकृतले नै बाँकी जिम्मेवारी बहन गर्नुपर्ने बाध्यता छ ।

उहाँले भन्नुभयो, "प्रहरी प्रधान कार्यालयले आवश्यक प्रशासनिक काम गरिरहेको छ, नियमित पुलिसिङलाई असर नपरे पनि कानूनले तोकेको र निर्णय लिनुपर्दा सम्बन्धित पद नै हुनुपर्ने भनी उल्लेख भएको ठाउँमा भने अलिकति अप्ठेरो भएको छ ।" त्यसैले अहिले प्रधान कार्यालयले पदपूर्तिका लागि आवश्यक प्रक्रिया शुरु गरेको उहाँले बताउनुभयो ।

प्रहरीमा महत्वपूर्ण मानिने कार्य तथा अपराध अनुसन्धान विभाग, प्रशासन तथा मानव स्रोत विभाग र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा एआइजी प्रमुख हुने प्रावधान छ । महत्वपूर्ण विभागसहितका प्रदेश प्रहरी कार्यालयसमेत निमित्तको भरमा छ । माथिल्लो प्रहरी अधिकृतमा पद रिक्त भएको बिहीबार १६ दिन पुगेको छ । धेरैजसो विभागको नेतृत्व प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) बाट भइरहेको छ ।

प्रहरीको अभिलेखअनुसार नेपाल प्रहरीमा कूल ६९ हजार ५२३ दरबन्दी छ । ती मध्ये ११ हजार २५१ पद खाली छ । हाल एआइजीमा तीन र डिआइजीमा १९ दरबन्दी खाली छ । यस्तै प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) मा जनपदतर्फ नौ र प्राविधिकतर्फ सात गरी १६, प्रहरी उपरीक्षक (एसपी) मा जनपदतर्फ छ र प्राविधिकतर्फ ११ गरी १७ तथा प्रहरी नायब उपरीक्षक (डिएसपी)मा जनपदतर्फ ३२ र प्राविधिकतर्फ २० गरी ५५ दरबन्दी खाली छ । दुवैतर्फ प्रहरी निरीक्षकमा २१९, प्रहरी नायब निरीक्षकमा ४१७, प्रहरी सहायक निरीक्षकमा एक हजार आठ, प्रहरी हवल्दारमा एक हजार २२२ र प्रहरी जवानमा सात हजार ७७२ दरबन्दी रिक्त छ ।

**एआइजीमा कडा प्रतिष्पर्धा**

पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्र खनालसँगै उहाँका ब्याचका २२ उच्च प्रहरी अधिकृतले ३० वर्षे उमेरहदका कारण गत माघ २८ गते एकैसाथ अनिवार्य अवकाश पाएपछि माथिल्लो तहमा धेरै दरबन्दी खाली हुन पुगेको हो । उक्त समयमा तीन एआइजी र १८ डिआइजीको पद खाली भएको थियो ।

त्यसपछि डिआइजीबाट ठाकुरप्रसाद ज्ञवाली प्रहरी महानिरीक्षकमा बढुवा हुनुभएको हो । उहाँको सेवाअवधि आगामी असार २५ सम्म छ । उहाँको काँधमा एक त प्रहरी समायोजन र अर्को रिक्त पदपूर्ति गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी छ । अबको एआइजी हुने लाइनमा डिआइजीहरु तारिणी लम्साल, शैलेश थापा क्षेत्री, हरिबहादुर पाल, नीरजबहादुर शाही, प्रद्युम्न कार्की, सूर्य उपाध्याय र विश्वराज पोखरेल हुनुहुन्छ । सबै एउटै ब्याचका भए पनि विश्वराज पोखरेल भने केही पछि प्रहरी सेवामा प्रवेश गर्नुभएको थियो । तर डिआइजी हुँदा उहाँहरुको जम्मा पाँच महिनाको मात्रै फरक छ । उहाँको ब्याची अहिले प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) हुनुहुन्छ । पोखरेल भने एक खुड्किलो उक्लिएर डिआइजीमा बढुवा हुनुभएको हो ।

प्रहरी महानिरीक्षक ज्ञवालीका ब्याची लम्साल बढुवाको पहिलो नम्बरमा भए पनि पाँच महिनापछि सँगै अनिवार्य अवकाश लिँदै हुनुहुन्छ । डिआइजी तारिणी लम्साल र सूर्य उपाध्याय वर्तमान आइजी ज्ञवालीसँगै अनिवार्य अवकाश पाउने भएकाले उहाँहरुबाहेक जो पहिलो नम्बरमा एआइजी हुनुहुन्छ, उहाँलाई पाँच महिनापछि २८औं प्रहरी महानिरीक्षक बन्ने बाटो खुला हुन्छ । त्यसैले अहिलेको एआइजी पदलाई अर्थपूर्णरूपमा हेरिएको छ ।

डिआइजीहरु थापा, शाही, कार्की, पाल र पोखरेल कडा प्रतिष्पर्धामा हुनुहुन्छ । प्रहरी स्रोतका अनुसार उहाँहरु आफ्नो पक्षमा पार्न प्रयासरत हुनुहुन्छ ।

एआइजी बन्नका लागि कुन नम्बरमा डिआइजी भएको हो भनेर हेरिँदैन । प्रहरी नियमावलीअनुसार कार्यसम्पादन मूल्याङ्कन, नेतृत्व क्षमता, बढुवा समितिको अङ्क, शैक्षिक योग्यता, तालिम, विभूषण, चुनौतीपूर्ण जिम्मेवारी, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव र जेष्ठतालाई महत्वपूर्ण आधार लिइन्छ । प्रहरी नियमावली २०७१ मा एआइजी, डिआइजी र एसएसपीका लागि लागि गृहसचिवको अध्यक्षतामा सिफारिस समिति हुने उल्लेख छ ।

एआइजी सिफारिस समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सचिव सदस्य र प्रहरी महानिरीक्षक सदस्यसचिव हुनुहुनेछ भने डिआइजी र एसएसपीको सिफारिस समितिमा प्रहरी महानिरीक्षक सदस्य र प्रहरी महानिरीक्षकले तोकेको प्रहरी अतिरिक्त महानिरीक्षक सदस्य-सचिव हुने प्रावधान छ । एआइजी मन्त्रिपरिषद्को र डिआइजी मन्त्रीस्तरीय निर्णयबाट बढुवा हुने प्रावधान छ ।

# बिपी प्रतिष्ठान तनावग्रस्त

इटहरी, १५ फागुन (रासस) ।
सुनसरीको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा सुत्केरी गराउन लगिएकी बिरामी महिलाको मृत्यु भएपछि बिपी प्रतिष्ठान धरान तनावग्रस्त बनेको छ ।

चिकित्सकको लापरवाहीका कारण इटहरीकी लक्ष्मी बुढाथोकी र उनको पेटमा भएको बच्चाको मृत्यु भएको भन्दै आफन्तले अस्पताल प्रशासन घेराउ गरेका छन् । बिहीबार बिहान १:०० बजेतिर २८ वर्षीया लक्ष्मी बुढाथोकीको मृत्यु भएको थियो । उहाँलाई गत फागुन १२ गते सुत्केरी गराउनका लागि प्रतिष्ठानको प्रसूति वार्डमा आफन्तले बेड भर्ना गरेका थिए । लामो समयसम्म सुत्केरी व्यथा लाग्दा पनि समयमै अस्पतालले सुत्केरी नगराएकाले बच्चा पेटमै मरेको र आमाको पनि अस्पतालमै मृत्यु भएपछि तनाव उत्पन्न भएको हो ।

आमा र बच्चा दुवैको मृत्युको कारण प्रसूति गराउन ल्याइएकी बिरामीलाई समयमै चिकित्सकले नहेरेको तथा लापरवाही गरेका कारण आमा बच्चा दुवैको ज्यान गएको मृतकका मामा ससुरा गणेश चौहानले बताउनुभयो । प्रतिष्ठानमा प्रसूति गराउन नसक्ने भए अन्त सिफारिस गर्नुको साटो त्यत्तिकै यहाँ राखिएका कारण आमा बच्चा दुवैको मृत्यु भएको आफन्तले आरोप लगाएका छन् ।

बिहीबार बिहान मृतकका आफन्तलाई प्रतिष्ठान प्रशासनले वार्ताका लागि अडिटोरियम हलमा बोलाएको भए पनि प्रतिष्ठानका पदाधिकारी समयमै नआएका कारण वार्ता नभएको आफन्तले बताएका छन् । अहिले वार्ता भइरहे पनि वार्ताको पूरा विवरण आइसकेको छैन । वार्तामा प्रतिष्ठानका डा अर्चना ठाकुर, डा रोहित रिजालसहितको टोली छ भने मृतकका तर्फबाट आफन्त सहभागी रहेका वताइएको छ ।

*जन्मसिद्धका आधारमा ...*

मन्त्री बिजय यादवले मुसहर समुदायलाई राजयले भोट बैंकको रुपमा प्रयोग गर्दै आइरहेकोले भन्दै अब मुसहर समुदाय पनि राजनीतिक रुपमा अघि बढ्नु पर्ने आवश्यकता रहेको बताए ।

"राजनैतिक एउटा यस्तो साँचो हो, जसले सबै सम्भावनाको ढोकालाई खोल्न सक्छ", मन्त्री यादवले भने, "राजनैतिक रुपमा संगठित नहुनजेलसम्म मुसहर समुदायले अधिकार प्राप्त गर्न असम्भव जस्तै छ ।"

प्रदेश सरकारले ल्याएको दलित सशक्तिकरण विदेयक समाजमा रहेको छुवाछुत, जातिय विभेद जस्ताको संस्कारको अन्त्य गर्न संजिवनी बुटीको काम गर्ने दाबी उनले गरे ।

प्रदेश सरकारको तर्फबाट दलितहरुका लागि छात्राबास, शिक्षा, रोजगारी लगायतका कामहरु अगाडी बढाइएको बताउदै जनकपुरस्थित रहेको सवरी कुटीका लागि पनि ८० लाख बजेट बिनियोजन गरेको उनले जानकारी दिए ।

राष्ट्रिय मुसहर संघका केन्द्रिय अध्यक्ष चन्देश्वर सदा, मुसहर संघका अगुवा गंगा सदा, बलराम सदा, कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र लगायतले शुभकामना मन्तव्य दिएका थिए ।

*बर्षाका कारण ...*

समेत लगाए ।

कोईलाको अभाव र चर्को करका कारण ईट्टा उद्योगको अबस्था जर्जर बन्दै गएको भन्दै अध्यक्ष साहले भारतबाट कोईला ल्याउन रोक लागेपछि बिदेशबाट कोईला मगाउन महगो पर्ने सँगै झन्झटिलो हुने भएकोले धेरै ईट्टा उधोग बन्द हुने अबस्थामा पुगेको बताए ।

एउटा उद्योगका लागि ६ सय देखि १ हजार टन कोईलाको आबश्यकता पर्ने गरेको बताउदै ईन्डोनेसिया, अमेरिकाबाट कोईला मगाउन धेरै समय लाग्ने र भारतीय कोईला जस्तो क्वालिटी नभएको अध्यक्ष साहले जानकारी दिए ।

बर्षाका कारण र कोईला अभावका कारण ईट्टा भट्टामा भएको क्षतिले हाल ईट्टाको मूल्यमा १४ रूपैया वाट २ रूपैया बृद्दि गरी १६ रूपैया पुऱ्याएको अध्यक्ष साहको भनाई थियो ।

सोही पत्रकार सम्मेलनमा उद्योग वाणिज्य संघका उपाध्यक्ष शंकर दासले केही ईट्टा उद्योगहरुले प्रयोग गरिरहेको सि कार्वनका कारणले मानव स्वास्थमा प्रतिकुल असर पुऱ्याईरहेको बताए ।

जिल्लामा ७२ ईट्टा उद्योग दर्ता रहेकोमा हाल ४२ ईट्टा भट्टा सञ्चालनमा रहेको र अन्य बाँकी ईट्टा उद्योगहरु बन्द हुने अवस्थामा पुगेको उपाध्यक्ष दासले जानकारी दिए । सप्तरीमा बार्षिक १ करोड २५ लाख ईट्टा उत्पादन हुने गरेको जनाइएका छ ।

## विश्व समाचार

### नयाँदिल्ली हिंसामा मृतकको संख्या ३२ पुग्यो

नयाँदिल्ली, १५ फागुन (रासस/एएफपी) ।
भारतको राजधानी नयाँदिल्लीमा केही दिनदेखि जारी हिंसात्मक झडपका कारण बिहीबार बिहानसम्म ३२ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । स्वास्थ्य अधिकारीहरूका अनुसार झण्डै २०० जना घाइते भएका छन् ।

हिंसा नियन्त्रणका लागि उत्तरपूर्वी दिल्लीमा हजारौं दङ्गा प्रहरी र अर्धसैनिक बल परिचालन गरिएको छ । जिटिबी अस्पतालका निर्देशक सुनिल कुमारले अस्पतालमा ३० जनाको मृत्यु भएको बिहीबार जानकारी दिनुभयो । लोकनायक अस्पतालका मुख्य चिकित्सकले आफ्नो अस्पतालमा दुई जनाको मृत्यु भएको बताउनुभयो ।

जिटिबी अस्पतालका निर्देशक कुमारले मृत्यु भएका सबैलाई बन्दुकको गोली लागेको बताउनुभयो । विवादास्पद नागरिकता कानूनलाई लिएर तीन महिनादेखि देशैभर विरोध प्रदर्शन भइरहेका छन् र यस क्रममा एक सयभन्दा बढीको ज्यान गइसकेको छ । पछिल्लो हिंसात्मक झडप उक्त कानूनको पक्ष र विपक्षमा रहेका हिन्दु र मुस्लिम समुदायबीच भइरहेको छ । हातमा लाठी, बन्दुक, पेस्तोल बोकेका सशस्त्र प्रदर्शनकारीले उत्तरपूर्वी दिल्लीका घर, पसल, मस्जिद, विद्यालय, टायर बजार र पेट्रोप पम्पमा लुटपाट, आगजनी र तोडफोड गरेका थिए ।

दिल्ली प्रहरीका प्रवक्ता मन्दीप रन्धवाले बुधवारदेखि बिहीबार रातसम्म ठूलो हिंसात्मक झडप नभएको र अघिल्ला दिनको तुलनामा परिस्थिति शान्त देखिएको बताउनुभयो । केही मानिसले प्रहरीको मद्दत माग्दै फोन गरेका र त्यहाँ तत्काल प्रहरी पुगेको पनि उहाँले जानकारी दिनुभयो । गत आइतबार मुस्लिम समुदायका व्यक्तिहरूले नागरिकता कानूनको विरोधमा सडकमा जुलुस निकालेकै समयमा हिन्दु समूहले आक्रमण गरेपछि परिस्थिति नियन्त्रणबाहिर पुगेको थियो । स्थानीयवासीले दिल्ली प्रहरीले हिंसामा उत्रिएको समूहलाई नियन्त्रणमा ल्याउन कुनै प्रयास नगरेको आरोप लगाएका छन् ।

गत डिसेम्बरमा मात्र उत्तर प्रदेशका मुस्लिम बहुल इलाकाहरूमा भएका प्रदर्शनमा कम्तीमा ३० व्यक्तिको ज्यान गएको थियो । संशोधित नागरिकता कानून र राष्ट्रिय अभिलेख रजिष्टरका नाममा आफूहरूलाई राज्यविहीन बनाउने भारत सरकारको कुत्सित मनशाय देखिएको मुस्लिम समुदाय र बौद्धिक समूहको दाबी छ । तर भारत सरकारले कुनै पनि मुस्लिमलाई राज्यविहीन नबनाउने बताइसकेको छ ।

नयाँदिल्लीको सर्वाधिक प्रभाव परेको उत्तरपूर्वी क्षेत्रमा विद्यालयहरू बन्द गरिएका छन् भने ठाउँठाउँमा कफर्यु आदेश जारी गरिएको छ । भारतीय राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले हिंसा भड्किएका क्षेत्रको स्थलगत भ्रमण गरी स्थानीय नेताहरू र प्रहरी अधिकारीहरूसँग कुराकानी गर्नुभएको छ ।

उहाँले दिल्लीको पछिल्लो अवस्थाका बारेमा विस्तृत प्रतिवेदन केन्द्र सरकारलाई बुझाउने जिम्मेवारी पाउनुभएको छ । प्रहरीले बुधबार नयाँदिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालको निवासबाहिर भेला भएको भीडलाई तितरबितर बनाएको थियो । यो भीडमा खासगरी जवाहरलाल नेहरू विश्वविद्यालयका विद्यार्थीहरू, जामिया मिलिया इस्लामियाका सदस्यसमेत रहेका थिए । उनीहरूले मुख्यमन्त्री केजरीवाललाई भेट गरी दिल्ली हिंसासँग सम्बन्धित विषयमा मागपत्र प्रस्तुत गर्न चाहेका थिए ।

मोदी सरकारले सन् २०१९ को डिसेम्बर ११ मा विवादास्पद नयाँ नागरिकता कानून राज्यसभाबाट पारित गराएसँगै यसको पक्ष र विपक्षमा भारतीय जनमत बाँडिएको छ । नयाँ नागरिकता कानूनले खासगरी भारतीय मुस्लिम समुदायलाई चिढ्याएको छ । नयाँ कानूनअनुसार धार्मिक आस्थाका आधारमा बङ्गलादेश, अफगानिस्तान र पाकिस्तानमा पीडित भइरहेका हिन्दु, सिख, बौद्धमार्गी, जैन, पारसी र इसाई सम्प्रदायका व्यक्तिलाई भारतमा नागरिकता दिइने व्यवस्था गरिएको छ । तर तिनै देशमा पीडित भइरहेका कतिपय अल्पसङ्ख्यक मुस्लिमलाई भने यस्तो सुविधा नदिइएको भारतीय मुस्लिम समुदायको गुनासो छ ।

### हिंसापीडितलाई दिल्ली सरकारको राहत

नयाँदिल्ली, १५ फागुन (रासस/एएनआई) ।
नयाँदिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले दिल्लीका हिंसापीडित व्यक्तिका परिवारलाई राहत सामग्री उपलब्ध गराउने निर्णय गरेको छ ।

उपमुख्यमन्त्री मनिष सिसोदिया, मन्त्री कैलाश गहलोट र वरिष्ठ अधिकारीहरू सम्मिलित बैठकले तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको हो । यसअघि नै मुख्यमन्त्री केजरीवालले दिल्ली हिंसामा मारिएका प्रहरी रत्तन लालको परिवारलाई एक करोड भारतीय रुपैयाँका साथै परिवारका एक सदस्यलाई रोजगारी दिने घोषणा गरिसक्नुभएको छ ।

रत्तन लालको उत्तरपूर्वी दिल्लीमा भएको हिन्दु-मुस्लिम दङ्गाका क्रममा ज्यान गएको थियो । बुधबार मुख्यमन्त्री र उपमुख्यमन्त्री दुवैले हिंसा प्रभावित उत्तरपूर्वी दिल्लीको भ्रमण गर्नुभएको थियो । उहाँहरूले स्थानीय मानिससँग भेटघाट गरी शान्ति कायम राख्न आग्रह गर्नुभएको थियो । दिल्ली हिंसाका क्रममा प्रहरीसहित कम्तीमा ३३ जनाको मृत्यु हुनाका साथै झण्डै २०० जना घाइते भएका छन् ।

### नाइजेरियामा सिपाहीले आफ्नै चार सहकर्मीको हत्या गरे

लेगोस, १५ फागुन (रासस/सिन्ह्वा) ।
नाइजेरियाली सेनाका एकजना सिपाहीले बुधबार आफ्नै चारजना सहकर्मीको हत्या गरी आफूले आत्महत्या गरेका छन् । नाइजेरियाली सेनाले जारी गरेको विज्ञप्तिमा हिंसाग्रस्त बोर्नो प्रान्तमा सेवारत उनले चलाएको बन्दुकबाट अरू दुईजना घाइते भएको उल्लेख छ । सैनिक प्रवक्ता सागिर मुसाले घाइतेहरूको बोर्नोको राजधानी माइदगुरी सैनिक अस्पतालमा उपचार भइरहेको र उनीहरूको अवस्थामा सामान्य रहेको बताउनुभयो । उक्त घटनाका बारेमा सेनाले छानबिन शुरु गरेको पनि प्रवक्ता मुसाले बताउनुभयो ।

# कोईलाडी र को. बर्साइन बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा संचालित स्व. गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिता अन्तर्गतको पाचौ दिनको खेलमा कोईलाडी र को. बसाईन बिजयी भएका छन् ।

सप्तरी क्रिकेट संघ संघको सहकार्यमा र गाउँपालिकाको आयोजनामा कट्टी माबिको मैदानमा संचालित क्रिकेट प्रतियोगिता अर्न्तगत बिहिवार सम्पन्न पहिलो खेलमा तोपाले टस जिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा १६ ओभर ५ बलमा सम्पुर्ण बिकेट गुमाई ५९ रन बनाएको थियो ।

तोपाका लागि राज साह २० बाहेक कसैले दोहोरो अंक छुन सकेका थिएन । बलिंग तर्फ कोईलाडिका लागि जुगनु मण्डलले ४ ओभरमा १२ रन दिई महत्वपुर्ण ४ बिकेट लिएका थिए भने गुडु सिंहले २ तथा रोहित सिंह र रोशन मण्डलले सामान १ बिकेट लिएका थिए ।

६० रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको कोईलाडिले उक्त लक्ष्य ३ बिकेटको नोक्सानीमा ८औ ओभरमा प्राप्त गरेका थिए । कोईलाडिका लागि रोहित सिंहले नटआउट रहि २८ रन तथा रोबिन सिंहले २३ रनको योगदान दिएका थिए । बलिंग तर्फ तोपाका राम यादवले २ बिकेट लिएका थिए । खेलको म्यान अफ द म्याच कोईलाडिका जगनु मण्डल घोषित भएका थिए ।

त्यस्तै बिहिवारै सम्पन्न दोश्रो खेलमा सकरपुराले टस जिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा १४ ओभर ५ बलमा सम्पुर्ण बिकेट गुमाई ७३ रनमै समेटिएको थियो । सकरपुराका लागि बिवेक राइ २२ र अमित मण्डल १६ बाहेक कसैले दोहोरो अंक छुन सकेका थिएन । बलिंग तर्फ दिपेश सरदारले उत्कृष्ट बलिंग गर्दै ४ ओभरमा १ मेडन सहित ६ रनदिई महत्वपुर्ण ४ बिकेट लिएका थिए भने राजेश रजकले ३ तथा पिन्टु मण्डल र सुभाष शर्माले सामान १ बिकेट लिएका थिए ।

७४ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको को. बर्साइनले उक्त लक्ष्य सजिलै १२ ओभर १ बलमा २ बिकेटको नोक्सानीमा प्राप्त गरेका थिए । को. बसाईनलाई सहज जित दिलाउनमा दिनेश सरदारले उत्कृष्ट ब्याटिंग गर्दै प्रतियोगिताको पहिलो अर्धसतक ५० बलमा ५ चौक्का र ३ छक्काको मद्धतले नटआउट रहि ६२ रनको योगदान दिएका थिए । सकरपुराका तर्फबाट साकेत सिंह र राजु सिंहले सामान १ बिकेट प्राप्त गरेका थिए । खेलको म्यान अफ द म्याच उत्कृष्ट ब्याटिंग गरे वापत को. बर्साइनका दिपेश सरदार घोषित भएका थिए ।

प्रतियोगिता अर्न्तगत शुक्रवार पहिलो खेल तिलाठी र मन्सापुर तथा दोश्रो खेल कोईलाडी र को. मधेपुरा बिच हुने जनाइएको छ ।

# सवारीसाधनको नक्कली लाइसेन्स बनाउँदै आएको आरोपमा महिला पक्राउ

**दैनिक समाचारदाता**
**धनुषा, १५ फागुन ।**

धनुषा प्रहरीले सर्वसाधारणबाट मोटो रकम असुली गर्दै सवारीसाधनको नक्कली लाइसेन्स बनाउँदै आएको आरोपमा एक महिलालाई पक्राउ गरेको छ ।

नक्कली लाइसेन्स बनाएर दिएको आरोपमा जनकपुरधाम उपमहानगरपालिका वडा नं. ९ बस्ने ३८ वर्षीया रुवि मिश्रालाई प्रहरीले पक्राउ गरेको हो ।

महोत्तरीको गौशाला नगरपालिका वडा नं.१२ बस्ने हरी नारायण भन्ने कृष्णदेव सिंह कुशवाहाले मिश्रामार्फत बनाएको लाइसेन्स नक्कली भएको प्रहरीले चेकजाँचको क्रममा फेला पारेपछि मिश्रालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

रुवी मिश्राले छोरा चन्दन मिश्रमार्फत गाउँका सर्वसाधारणबाट रकम असुली गर्दै नक्कली लाइसेन्स बनाउने गरेको प्रहरीको अनुसन्धानले देखाएको छ ।

पक्राउ परेको मिश्राको बयानको आधारमा अनुसन्धान गर्दै जाँदा गाउँका अन्य ४ जनासंग समेत ६० हजार रुपैयाँ भन्दा बढी उठाएको कुराहरु विभिन्न ठाउँबाट आएकोले उनलाई पक्राउ गरि कारवाही प्रक्रिया अगाडी बढाएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

यता पक्राउ परेका मिश्राविरुद्ध प्रहरी ठगिलगायतका अन्य उजुरीहरु समेत आउने क्रम जारी रहेको प्रहरीले जनाएको छ ।

# बेवारिसे अवस्थामा कटुवा पेस्तोल बरामद

**दैनिक समाचारदाता**
**धनुषा, १५ फागुन ।**



धनुषा जिल्लाको धनुषाधाम नगरपालिका ८ मा एक थान कटुवा पेस्तोल बरामद भएको छ ।

धनुषाधाम जाने कच्ची सडकको छेउबाट कटुवा पेस्तोल एक थान र सो मा लाग्ने एक थान गोलीसमेत प्रहरीले बरामद गरेको छ ।

ईलाका प्रहरी कार्यालय ढल्केवर धनुषाबाट खटिएको प्रहरी टोलीले गस्ती गर्दै जाँदा धनुषाधाम जाने कच्ची सडकको छेउमा बेवारिसे अवस्थामा फेला परेको जनाएको छ ।

# मिथिला संस्कृति अध्ययन केन्द्र बन्दै

जनकपुरधाम, १५ फागुन (रासस) ।

मिथिलास्थित सबै समुदायको धरोहरसहितको 'मिथिला संस्कृति अध्ययन केन्द्र' निर्माणको थालनी गरिएको छ । सोका लागि समस्त देवीदेवताको लघुचित्रसहितको देवलोक एवं मिथिलाको पहिचान, संस्कृति झल्किने भवनको नक्सा तयार गरिएको छ ।

जनकपुरधाम उपमहानगरपालिका-७ मा निर्माणको शिलान्याससमेत भइसकेको सो केन्द्रको निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गरिने योजना रहेको छ । मैथिल ब्राह्मण महासभाद्वारा निर्माण भइरहेको सो केन्द्रको भवन छ तलाको हुने महासभाका अध्यक्ष भगवान् झाले बताउनुभयो ।

उहाँका अनुसार केन्द्रको पहिलो तल्लामा सभागृह, दोस्रो तल्लामा देवलोक र तेस्रो तल्लामा मिथिला सङ्ग्रहालय रहनेछ । त्यस्तै भवनको चौथो तलामा पुस्तकालय, सङ्गोष्ठी कक्ष र पाँचौँ एवं छैटौँ तला आवासीय हुने बताइएको छ । रु ११ करोडको लागतमा निर्माण हुने सो केन्द्रको भवनका निर्माणका लागि जनकपुरधाम उपमहानगरपालिकाले रु पाँच लाख रकम उपलब्ध गराउने र बाँकी रकम चन्दाबाट सङ्कलन गरिनेछ ।

अध्यक्ष झाका अनुसार सो केन्द्रको सञ्चालनबाट प्राप्त आम्दानीले हरेक वर्ष सबै समुदायका गरिब छात्रछात्रालाई छात्रवृत्ति प्रदान गरिने योजना रहेको छ ।

# एनसेलको 'ह्याप्पी आवर अन रिचार्ज'

**दैनिक समाचारदाता**
**काठमाडौं, १५ फागुन ।**

एनसेल प्राईभेट लिमिटेडले आफ्नो 'अझै नजिकिन्छ सम्बन्ध' योजना अन्तर्गत 'ह्याप्पी आवर अन रिचार्ज' अफर ल्याएको छ । भ्यालेन्टेन यस अफर अन्तर्गत ग्राहकले रु १०० र यस भन्दामाथिको प्रत्येक रिचार्ज बापत भ्वाइस सेवामा छुट प्राप्त गर्न सकिने छ । अफर यही बिहीबार फागुन १५देखि लागु भएको छ ।

यस अफर अन्तर्गत एनसेलका प्रिपेड ग्राहकले मात्र ९९ पैसा प्रति मिनेट (कर सहित रु १.२६ पैसा) मा एनसेल नेटवर्कभित्र कुरा गर्न सक्ने एनसेलले जनाएको छ ।

भ्वाइस सेवामा पाइने छुट बिहान ८ बजेबाट दिउँसो ३ बजेभित्रको समयमा लागु हुने तथा यस अफरबाट फाइदा लिनका लागि ग्राहकले एस्टिक्स १७१०६ ह्यास् डायल गरी आफुलाई अफरमा निःशुल्क रुपमा सहभागि गराउन सक्ने जनाइएको छ ।

अफर सुचारु गरी सकेपछि ग्राहकले रिचार्ज रकमका आधारमा भ्वाइस सेवामा विभिन्न समयसिमा रहेका छुटबाट लाभ लिन सक्नेछन् । ग्राहकहरुले रु १०० रिचार्ज गर्दछन् भने ९९ पैसा प्रति मिनेट छुटको लाभ ७ दिनका लागि पाउनेछन् ।

यता रु २००, रु ३०० र रु ५०० रिचार्ज गर्ने ग्राहकहरुले यो छुटको लाभ क्रमशः १४ दिन, २१ दिन र ३० दिनका लागि लिन सक्नेछन् । यसैगरी ग्राहकहरुले रु १,००० रिचार्ज गर्दछन् भने यो छुटको लाभ रकम रिचार्ज गरेको दिनबाट ६० दिनका लागि पाउनेछन् ।

९० दिनसम्म संचालन हुने यस अफरले ग्राहकलाई आफ्ना प्रियजनसँग थप नजिक रहन मद्दत पुर्‍याउनुका साथै आफ्ना सम्बन्धहरुलाई अझै प्रगाढ बनाउन योगदान पुऱ्याउने विश्वास एनसेलले लिएको छ ।

# मालेका महासचिव मैनाली दुर्घटनामा

महोत्तरी, १५ फागुन (रासस) ।

नेकपा (माले)का महासचिव चन्द्रप्रकाश मैनाली बिहीबार अपराह्न सडक दुर्घटनामा परी घाइते हुनुभएको छ । गृह जिल्ला झापाबाट काठमाडौँ जाँदै गर्नुभएका नेता मैनाली बिपी राजमार्गमा पर्ने महोत्तरीको बर्दिवास नगरपालिका-३ कालापानीमा सडक दुर्घटनामा परी परिवारका अन्य सदस्यसहित घाइते हुनुभएको हो ।

नेता मैनाली चढ्नुभएको बा ७ च २१२० नम्बरको कार विपरीत दिशाबाट आउँदै गरेको ना ४ च ८६६८ नम्बरको पिकअप भ्यानसँग ठोक्किँदा दुर्घटनामा परेको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ । दुर्घटनामा परी नेता मैनाली, उहाँका छोरा सरोज, बुहारी पूजा ढुङ्गाना, नाति एन र कारचालक रामप्रसाद पौडेल घाइते भएको इप्रका बर्दिवासका प्रमुख तथा प्रहरी नायब उपरीक्षक राजन चापागाइँले जानकारी दिनुभयो । घाइते पाँचै जनालाई नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौँ, धापासीस्थित ग्राण्डी इण्टरनेशनल हस्पिटलमा पठाइएको छ ।

दुर्घटनाको खबर पाएलगत्तै प्रहरी टोलीले घाइतेको उद्धार गरी बर्दिबास-१ स्थित जनसेवा अस्पताल पुऱ्याएको थियो । पाँचैजनामध्ये नेता मैनाली र उहाँकी बुहारी पूजालाई गम्भीर चोट लागेको चिकित्सकले बताएका छन् ।

नेता मैनाली बिहान बिर्तामोड-४ स्थित आफ्नै घरबाट बिहान ५:१५बजे काठमाडौँका लागि हिँड्नुभएको थियो । भाइ मीनप्रकाशकी छोरीको विवाहका लागि उहाँ केही दिनअघि झापा जानुभएको थियो ।


# अवैध घरेलु मदिरा नष्ट

**दैनिक समाचारदाता**
**सिरहा, १५ फागुन ।**

सिरहा प्रहरीले ६ सय ३० लिटर तयारी अवैध घरेलु मदिरा र ८ हजार लिटर कच्चा पदार्थ नियन्त्रणमा लिएर नष्ट गरेको छ ।

ईलाका प्रहरी कार्यालय महेशपुरपतार र ईलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलीले बरियारपट्टी गाँउपालिका १ स्थित र मिर्चैया नगरपालिका ३ स्थितबाट सो मदिरा नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएको मदिरा तथा मदिरा बनाउन प्रयोग गरिएका ३५ थान भाडावर्तन समेत नियन्त्रणमा लिई प्रहरीले स्थानियलगायत वडा अध्यक्ष सहितको रोहबरमा नष्ट गरिएको जनाइएको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS Money Transfer, Best Remit Quick & Easy, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*